# मुड्केचुला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## नर्कु, डोल्पा
## कर्णाली प्रदेश, नेपाल

मुड्केचुला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डोल्पा कर्णाली प्रदेश, नेपाल

प.सं. २०८३।०८४
मितिः २०८३/०५/०८

च.नं. ९५८

**चौंरी खरिद सम्बन्धी दरभाउपत्र कोटेशन पेश गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८३।०५।०८ गते**

यस गाउँपालिकाको चालु आ.व. २०८३। ८४को स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेट अनुसार चौंरी खरिद गर्नुपर्ने भएकाले प्रचलित कानून अनुसार इच्छुक चौंरीपालक किसान, समूह, सहकारी, फर्म वा आपूर्तिकर्ताहरूबाट देहायका सर्तहरूको अधीनमा रही दरभाउपत्र (कोटेसन) पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

सर्तहरूः

१. खरिद गरिने चौंरीको विवरण

| क्र.स. | विवरण | परिमाण | न्यूनतम मापदण्ड | प्रति चौंरि दर |
|---|---|---|---|---|
| १ | चौंरि | वटा | निरोगी\ स्वास्थ्य, उमेर, नश्ल तथा तौल उपयुक्त भएको | रु. .........। |

नोटः चौंरीको जात, विवरण, उमेर, तौल तथा नस्ल सम्बन्धी मापदण्ड गाउँपालिकाले तयार गरेको लागत अनुमान तथा स्पेसिफिकेसन अनुसार हुनेछ।

२. दरभाउपत्र पेस गर्ने स्थान

मुड्केचुला गाउँपालिका को कार्यालय नर्कु, डोल्पा।

३. दरभाउपत्र पेस गर्ने अन्तिम मिति

यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र दरभाउपत्र पेस गर्नुपर्नेछ।

४. दरभाउपत्रमा उल्लेख गर्नुपर्ने विवरण

श्यामकृष्ण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

- चौरीको संख्या
- चौरीको बिमा गरिएको हुनुपर्ने
- जात / प्रकार
- उमेर
- लिङ्ग
- प्रति चौरी दर
- जम्मा रकम
- ढुवानी तथा अन्य खर्च समावेश भए / नभएको
- चौंरी उपलब्ध गराउने स्थान
- आपूर्तिकर्ताको नाम, ठेगाना र सम्पर्क नम्बर
- हस्ताक्षर तथा छाप

५. चौंरीको न्यूनतम गुणस्तर

दरभाउपत्रदाताले उपलब्ध गराउने:

- चौंरी स्वस्थ तथा रोगमुक्त भएको हुनुपर्नेछ।
- चौंरीको पशुचिकित्सकबाट स्वास्थ्य परीक्षण गराइएको हुनुपर्नेछ।
- चौंरी गाउँपालिकाले तोकेको उमेर, जात, विवरण तथा मापदण्ड पूरा भएको हुनुपर्नेछ।
- खरिद पूर्व तथा हस्तान्तरणको समयमा चौंरीको आवश्यक स्वास्थ्य परीक्षण गरिनेछ।

६. दरभाउपत्रमा देहायका कागजात पेस गर्नुपर्नेछ:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाकपी

(ख) संस्था / फर्म दर्ताको प्रमाणपत्रको छाँयाकपी

(ग) स्थायी लेखा नम्बर (PAN) / मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको छाँयाकपी

(घ) कर चुक्ता प्रमाणपत्रको छाँयाकपी

२०८२/०५/०८

..............................

(श्यामकृष्ण आचार्य)

प्रमूख प्रशासकीय अधिकृत